*"हरेक क्षेत्रमा सबैको क्रियाशिलता, सबल एवम् सक्षम चन्द्रकोट, भ्रष्टाचारमा शुन्य सहनशीलता"*

# चन्द्रकोट गाउँपालिकाको आ.व. २०८०/०८१ को लागि
# गाउँपालिका उपाध्यक्ष
# श्री विष्णु प्रसाद भण्डारी ज्यूले पेश गर्नुभएको
# बजेट वक्तव्य

चन्द्रकोट गाउँपालिकाको आ.व. २०८०/०८१ को बजेट वक्तव्य

<u>चन्द्रकोट गाउँपालिका</u>

तेह्रौं गाउँसभाको दोश्रो बैठक

१० असार, २०८०

**Website: www.chandrakormun.gov.np**

**सम्मानित यस सभाका अध्यक्षज्यू**

**सभा सदस्य ज्यूहरु,**

१. चन्द्रकोट गाउँपालिकाको यस गरिमामय गाउँसभाको १३ औ अधिवेशनको दोश्रो बैठकमाआर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

२. नेपालको संविधानको धारा २३० बमोजिम प्रस्तुत गर्न लागिएको राजस्व र व्ययको अनुमानलाई संघीयताको जग मजवुत पार्ने नागरिक सरकारको अनुभूति दिलाउने र **"सम्बृद्ध चन्द्रकोट र सक्षम चन्द्रकोट"** को अभियानमा अगाडी बढ्ने प्रभावकारी कदमका रूपमा प्रस्थान बजेटको रूपमा प्रस्तुत गरेको छु ।

३. विभिन्न कालखण्डमा राष्ट्रका नाममा सहादत प्राप्त गरेका ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्न चाहन्छु। बेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजिविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुर्‍याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दछु।

४. गत विगत आर्थिक वर्षको चन्द्रकोट गाउँपालिकाको नीति तथा कार्यक्रम बजेट कार्यान्वयबाट सुशासन, विकास र समृद्धिको आधारशिला खडा भई गाउँपालिकाबाट हुने सेवा प्रवाहमा सुधार हुदै गईरहेको छ भने, सडक, यातायात, खानेपानी लगायत भौतिक पूर्वाधार तथा संरचनाको दिगो व्यवस्थापन र उपयोगमा उल्लेख्य प्रगति हुदै गईरहेको छ। शिक्षा, स्वास्थ्य, कृषिक्षेत्र तथा पशुपालन, उद्यमशीलता, विभिन्न बर्गको शशक्तीकरण जस्ता विषयमासमेत प्रगति भएको भने छ निकट भविष्यमा नै देखिने गरी सबै क्षेत्रमा प्रतिफल प्राप्त हुनेमा विश्वस्त रहेका छौं।

५. दिगो विकासका लक्ष्यका लक्ष्यहरुको स्थानीयकरण तथा आन्तरिकीकरण गरी गरिबी न्यूनीकरण, रोजगारीको सिर्जना लगायत राज्यका निर्देशित सिद्धान्त प्राप्तिमा गाउँपलिका अग्रसर रहेको छ ।

६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माणका कार्यहरूमा तिव्रता आएको छ। सार्बजनीक नीजि क्षेत्र र अन्य सरोकारवाला सबैलाईलाई सँगै लिएर जाने वातावरण सुधार हुँदै छ। पर्यटन पूर्वाधारका विकास, गाउँपालकावासीको शिक्षा र स्वास्थ्य स्थितिमा सुधार, गाउँपालिकाको दैनिक प्रशासन र सेवा प्रवाहलाई सुधार गर्नमा गाउँ गाउँपालिका प्रतिवद्ध छ।

७. गाउँपालिकाको कार्यक्षेत्र सँग सम्बन्धित क्षेत्रहरूको कार्य प्रगतिलाई चुस्त र दुरूस्त राख्न

गाउँपालिकावासीहरूको गुनासो र आकांक्षाहरूलाई समयमा नै संबोधन गर्न अनुगमनलाई तिव्रता दिइएको छ ।

८. आगामी आर्थिक वर्षको गाउँपालिकाको विकास, नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अन्तर्गत वस्तीस्तरबाट विभिन्न सहभागीतामूलक चरणहरू पुरा गरी वस्ती, वडा हुँदै विभिन्न विषयगत तथा अन्य समितिहुँदै कार्यपालिकाबाट स्वीकृत गरी यहाँहरू समक्ष बजेट, नीति तथा कार्यक्रम प्रस्ताव गरी पेश गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु।

९. यस अवसरमा हाम्रा अथक प्रयासहरूमा हरदम निर्देशन र सहयोग प्रदान गर्नुहुने संघ प्रदेशका माननिय ज्यूहरु तथा पूर्व माननियहरु, पूर्व कार्यपालिका सदस्यहरु, गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरू, स्थायी सरकारको रुपमा कार्य गरी अनवरत रुपमा सेवा प्रदान गर्नु भएका प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी वर्ग तथा सम्पूर्ण स्वास्थ्यकर्मीहरु साथै सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षा प्रदान गर्नको लागि उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तनका खातिर अनवरत रुपमा खटिरहनु भएका शिक्षक, व्यवस्थापन समितिहरु तथा शिक्षक अभिभावकहरु, सरोकारवाला निजि, सहकारी समेतका विकास साझेदारहरू, विभिन्न करदाताहरु, समाजसेवी, गाउँपालिकावासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरू, विकास अभियान्ताका रूपमा रहेका स्थानीय सरोकारवाला निकायहरू, गैर सरकारी संस्थाको साझेदारी भूमिका प्रति गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

१०. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतका कानूनहरूले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आर्थिक वर्षको राजस्व र व्यय सहितको बजेटको अनुमान गाउँ कार्यपालिकाबाट स्वीकृत गरी नीति तथा कार्यक्रम र बजेट चालु आर्थिक वर्षको आषाढ १० गतेभित्र गाउँसभामा पेश गर्ने र आषाढ मसान्तभित्र पारित गरिसक्नु पर्ने कानूनी प्रावधान रहेको छ। कानूनी प्रावधान बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून निर्देशिका तथा कार्यविधिको अधिनमा रहि गत आर्थिक वर्ष २०७८/०७९ को यथार्थ, चालू आर्थिक वर्ष ०७९/०८० को संशोधित बजेट तथा कार्यक्रम र आगामी वर्ष २०८०/०८१ को अनुमानित वार्षिक बजेट नीति तथा कार्यक्रमलाई गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यस सम्मानित सभाको अधिवेशनमा पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

११. अब म चन्द्रकोट गाउँपालिकाको समग्र विकास सम्बन्धी वस्तु स्थितिको संक्षिप्त सिंहावलोकन यहाँहरू समक्ष राख्ने अनुमति चाहन्छु ।

१२. चन्द्रकोट गाउँपालिकाको विकासको वर्तमान अवस्था, गाउँपालिकावासीहरूको विकास र प्रविधिजन्य सुविधाको बढ्दो चाहना र



युवराज थापा
अध्यक्ष
चन्द्रकोट गाउँपालिका

अपेक्षा, उपलब्ध स्रोत र साधन कार्यालय र गाउँपालिकामा मौजुदा समस्या र चुनौतीहरूमा कार्य सम्पादको कार्यमा देखिएका चुनौती तथा अवसहरूप्रति बृहत्तर दृष्टि र विष्लेषण गर्दै गाउँपालिकाको दुरगामी विकास गर्ने र अर्जुन दृष्टि निर्माण गर्नु चन्द्रकोट गाउँपालिकाको आजको आवश्यकता रहेको छ।

१३. चन्द्रकोट गाउँपालिकाको भौगोलिक बनावटका हिसावले केहि दुर्गम स्थानीय तह रहेको भएतापनि उपलब्ध प्राकृतिक स्रोत, ऐतिहासिकता, साँस्कृतिक शैक्षिक, कृषि एवं पर्यटकिय महत्वका दृष्टिले प्रबल र तिव्र विकासको सम्भावना भएको यो गाउँपालिका हो।तथापि सीमित श्रोत र साधन तथा यसमा नागरिकको असिमित चाहनाका गाउँपालिकाको यथेष्ट र चाहेजति  विकास हुन सकेको छैन ।यसका पछाडि थुप्रै चुनौतीहरुहामीमाझ रहेका छन्।

१४. गाउँपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको विकासको मूल प्रवाहमा ल्याउने,गाउँपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने, रोजगारीका अवसरहरु सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरूको प्रवर्द्धन तथा विविधिकरण गर्ने, उत्पादनमूलक क्षेत्रहरूको व्यवसायीकरण गर्ने, चरम अवस्थामा रहेको वसाई सराईलाई कम गर्दै नागरिकलाई विकास र शुसासनको अनुभुति दिलाउने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचनामूलक सञ्चार र प्रविधिको माध्यमबाट सुशासन प्रवर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरूको प्रवाह गर्ने, पर्यटकिय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसबाट प्राप्त लाभ टोल वस्ती हुँदै विपन्न वर्ग सम्म पुऱ्याउने, वडिगाड नदी, खहरे-खोला जस्ता विभिन्न जलजन्य क्षेत्रहरुको संरक्षण गर्दै त्यसबाट आन्तरिक आयमा बृद्दि गर्ने, दिब्रुङ्ग दह मन्दिर,चन्द्रकोट मन्दिर, टिमुरेताल, अर्जेवा झरना, पाटेचौर तथा रुमालबारी पिकनिक स्पट, सिद्दबाबा मन्दिर, चण्डीस्थान मन्दिर दिब्रुङ्ग दहक्षेत्र जस्ता ऐतिहासिक पुरातात्विक तथा पर्या-पर्यटकीय क्षेत्रको क्षेत्रको संरक्षण गर्दै पर्यटकीय गन्वत्व्यको रुपमा विकास गर्न समय सुहाउँदो भौतिक पूर्वाधारहरूको विकास र विस्तार गर्ने, उद्योग, सामाजिक विकास एवं पूँजीलाई संस्थागत गर्दै चन्द्रकोट गाउँपालिकाले लिएको **सम्बृद्द चन्द्रकोट र सक्षम चन्द्रकोट** भन्ने सोच(Vision) लाई चुम्न सक्ने गरी दिगो विकास गर्ने, पूर्वाधार विकासका कार्यहरू गर्नु हाम्रा मुख्य चुनौतीहरू रहेका छन्।

१५. उल्लेखित चुनौतीहरूको सामना गर्दैसमस्याहरूको समाधान गरी गाउँपालिकाको समग्र विकास र समृद्धि हासिल गर्न गाउँपालिका अध्यक्षज्यूको नेतृत्वमा रहेका जनप्रतिनिधिहरूको उच्च स्तरको अठोट, समन्वय तथा संतुलित एकता र गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहयोगात्मक सु-सम्बन्ध आवश्यकता रहेको छ।

**आदरणिय सभाध्यक्ष ज्यू**

गाउँपालिकाको विकास सम्बन्धी अवस्थाको संक्षिप्त सिंहावलोकन पछि अब म चन्द्रकोट गाउँपालिकाको गत आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय व्यय र प्रमुख उपलब्धीहरूको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१६. चन्द्रकोट गाउँपालिकाको गत आर्थिक वर्ष २०७८/०७९ मा आन्तरिक आय तर्फ १ करोड १९ लाख ९७ हजार ४ सय ८५ रूपैया, संघीय सरकारबाट (वित्तीय समानिकरण, समपुरक,राजस्व बाँडफाँड, शशर्त र विशेष)बाट गरी जम्मा ४२करोड १७ हजार ९ सय २९ त्यसैगरी लुम्बिनी प्रदेश सरकारबाट (वित्तीय समानिकरण, समपुरक, राजस्व बाँडफाँड, शशर्त र विशेष) गरी जम्मा ४ करोड १४ लाख ७१ हजार १९ रुपैया तथा गत बर्षको अल्या र स्थानीय बाडवाड गरी रु.२ करोड ३७ लाख ११ हजार १ सय ७३ रुपैया गरी कुल आम्दानी रु.४९ करोड ७३ लाख ५८ हजार ९ सय ७४ रुपैया प्राप्त भएको थियो भने खर्च तर्फ चालुमा रु.२८ करोड ५६ लाख ८० हजार २ सय १८ र पूजीगततर्फ रु.१३ करोड २६ लाख ७७ हजार ६९ रुपैया गरी कुल खर्च रु. ४१ करोड ८३ लाख ५७ हजार २ सय ८८ खर्च भएको थियो।गाउँपालिकाको आ.व. २०७८/७९ को अन्त्यमा खर्च हुन नसकी बाँकी रहेको फिर्ता गर्नुपर्ने रकम संघीय तथा प्रदेश सरकारलाई फिर्ता गरिएको थियो ।

**सभाध्यक्षज्यू**

अब म चालु आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयनको जेष्ठ मसान्तसम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१७. चन्द्रकोट गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९/०८०को जेठ मसान्तसम्ममा आन्तरिक आय तर्फ ६३ लाख७५ हजार ६ सय ९१ रूपैंया, संघीय सरकारबाट (वित्तीय समानिकरण, समपुरक, राजस्व बाँडफाँड, शशर्त र विशेष) बाट गरी जम्मा ३८ करोड २१ लाख ८० हजार २ सय ८९ रुपैया त्यसैगरी लुम्बिनी प्रदेश सरकारबाट (वित्तीय समानिकरण, समपुरक, राजस्व बाँडफाँड, शशर्त र विशेष) गरी जम्मा ३ करोड ३४ लाख ९८ हजार १ सय ३० रुपैया तथा गत बर्षको अल्या र स्थानीय बाडवाड गरी रु.३ करोड ४६ लाख ९४ हजार ७ सय ६२ रुपैया गरी कुल आम्दानी रु.४५ करोड ६७ लाख ४९ हजार ३ सय ७३ रुपैया प्राप्त भएको छ भने खर्च तर्फ चालुमा रु.२३ करोड २२ लाख

२४ हजार ३ सय १० र पूजीगततर्फ रु.९ करोड ८७ लाख ९६ हजार ६ सय ५ रुपैया गरी कुल खर्च रु. ३३ करोड १० लाख २० हजार ९ सय १६खर्च भएको छ। गाउँपालिकाको आ.व. २०७९/०८० को बाकी बजेट कार्यान्वयको अवस्थामा रहेको छ।

**सभाका सभाध्यक्षज्यू**

अब म चन्द्रकोट गाउँपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट, नीति तथा कार्यक्रम गाउँपालिकाको दीर्घकालिन सोच, गाउँपालिकाका विकासका प्राथमिकताहरू, योजना तर्जुमा आधारहरू र गाउँपालिकाका समग्र नीतिहरूको सार संक्षेप सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**दीर्घकालिन सोंच**

- चन्द्रकोट गाउँपालिकाले परिकल्पना गरेको **"सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासी"**भन्ने दीर्घकालिन सोचनै यस बजेट नीति तथा कार्यक्रमको दिर्घकालिन सोच रहेको छ।

**उद्देश्य**

- गाउँपालिकाको आर्थिक सामाजिक रूपान्तरण,
- सुशासन र सेवाग्राहीमैत्री सेवाप्रवाह,
- सामाजिक न्यायसहितको समतामूलक सामाज निर्माण,
- भौतिक संरचनाहरु दिगो र वातावरणमैत्री पुर्वाधार निर्माण,

**प्राथमिकताका क्षेत्रहरू**

- उत्पादन र उत्पादकत्व बढाउँदै कृषि तथा पशुपालन व्यवसायलाई थप व्यवस्थित बनाउनु।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु,
- वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास गर्नु,
- निर्माण भएको पूर्वाधारको मर्मत संभारका लागि विकास आयोजनाहरुलाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगोपनको शुनिश्चितता कायम गर्नु,
- संभावित विपद्जन्य लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमाहरुमा संभावित विपद् जन्य घटनालाई रोक्नु,

- सुचना तथा संचार प्रविधिको विकास,
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ हरुबाट राजश्व संकलनमा बृद्दि गर्नु तथा करका दायरा बढाउनु,
- विभिन्न समयमा गाउँपालिका क्षेत्रमा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन,
- लैङ्गिकता तथा बर्गीयतामा आधारित न्यायपूर्ण समतामुलक विकास,

चन्द्रकोट गाउँपालिकाको आ.व.२०८०/०८१ को बजेट वक्तव्य

**योजना तथा कार्यक्रम तर्जुमामा छनौटका आधार एवं मार्गदर्शनहरू**

- नेपालको संविधान, २०७२ का राज्यका नीति, निर्देशक सिद्धान्त र दायित्वहरु,
- नीति र दायित्व समेतका संवैधानिक प्रावधानहरू,
- संघीय र लुम्बिनी प्रदेश सरकारको चालु तथा आवधिक योजना,
- राष्ट्रिय योजना आयोगबाट प्राप्त नीतिगत निर्देशनहरू,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नीतिगत मार्गदर्शनहरू,
- संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र आन्तरिक राजश्व परिचालन क्षमता
- संघीय सरकारबाट समय-समयमा प्राप्त नीतिगत निर्देशनहरू,
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्ग निर्देशनहरू र प्राप्त बजेट सिलिङ्ग,
- स्रोत अनुमान तथा बजेट सिलिङ्ग समिति, राजस्व परामर्श समिति, वडा सभा, विषयगत समितिहरू, गाउँ कार्यपालिका सदस्यहरूबाट प्राप्त सुझावहरू,
- चन्द्रकोट गाउँसभाका सदस्यहरूबाट प्राप्त सुझावहरू,
- चन्द्रकोट गाँउपालकाको आवधिक योजना र तर्जुमाको क्रममा रहेको मध्यमकालिन खर्च संरचना
- संघ तथा प्रदेशका माननीय ज्यूहरु, पूर्व माननिय ज्यूहरु, पूर्व कार्यपालिका सदस्यहरु, विभिन्न राजनितिक दलका साथीहरु, विकास साझेदार निकायहरु, निजी क्षेत्र, बैङ्क-वित्तिय तथा सहकारी क्षेत्रसमेतका समग्र विकासका सरोकारवालाहरूबाट प्राप्त सुझावहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को विगतका गाउँसभाहरूबाट प्राप्त पृष्ठपोषणलाई यो गाउँपालिकाको विकास योजना तर्जुमा गर्दा मार्गदर्शनको रूपमा अवलम्बन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्षका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**सामाजिक विकास**

**शिक्षा तर्फ**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा शिक्षक व्यवस्थापन गर्न रु. १ करोड ११ लाख बजेट विनियोजन गरेको छु।

२. गाउँपालिकाबाट सिर्जना गरिएका के.जी. कक्षाको व्यवस्थापन तथा बालविकास सहजकर्ताको पारिश्रमिक, नेपाल सरकारको दरवन्दीमा रहेका बालविकास सहजकर्ता, विद्यालय सहयोगी, विद्यालय कर्मचारीएवम् सामुदायिक सिकाइ केन्द्र सहजकर्तालाई थप तलब प्रदान गर्न रु. १ करोड लाख ५९ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

३. शैक्षिक सत्र२०८० लाई **शैक्षिक गुणस्तर अभिवृद्धि अभियानबर्ष**का रुपमा विकास गर्नेशैक्षिक गुणस्तर सुधार तथा क्षमता विकासकाविविध कार्यक्रम,गाउँ शिक्षा योजना निर्माण, विद्यालयभौतिक पूर्वाधार विकास लगायतका कार्यक्रम सञ्चालनका लागिआवश्यक बजेट विनयोजन गरेको छु।

४. स्थानीय पाठ्यक्रमका आधारमा निर्माण गरिएका कक्षा १ देखि ८ सम्मका स्थानीय पाठ्यपुस्तकछपाइ तथा वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५. पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सीपमूलक, कृषि उद्यमी र आत्मनिर्भरतातर्फ अगाडि बढाउन लागत साझेदारीमा **पढदै, कमाउदै कार्यक्रम** संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६. चन्द्रकोट गाउँपालिकाभित्र सञ्चालित तुराङ बहुप्राविधिक शिक्षालयमा यस गाउँपालिकाका प्रत्येक वडाबाट बालिविज्ञान तथा पशुविज्ञान विषयमा अध्ययन गर्ने एक एक जना विद्यार्थीहरुलाई निशुल्क छात्रवृत्तिमा अध्ययनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७. चन्द्रकोट गाउँपालिकाभित्र सञ्चालित उच्च शिक्षा प्रदान गर्ने क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीका लागि विद्यार्थी लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८. पालिकाभित्र रहेका सम्पूर्ण शिक्षकको व्यवस्थापन तथा समग्र शिक्षा व्यवस्थापन का लागि आवश्यक रकम विनियोजन गरेको छु।

९. समग्रमा शिक्षा तर्फ गाउँपालिकाको तर्फबाट २० करोड ८६ लाख २५हजार रकम विनियोजन गरेको छु।

## स्वास्थ्य तर्फ

१०. गर्भवती महिला, नवजात शिशु तथा वालवालिका, विपन्न अल्पसंख्यक तथा सिमान्तकृत वर्गलाई लक्षित गरी बालबालिकाहरूको लागि पोषणयुक्त कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

११. नेपाल सरकारबाट घोषणा भएवमोजिमका निःशुल्क वितरण गर्ने भनि तोकिएका औषधिहरुको नियमित सुनिश्चितका लागिआवश्यक बजेट विनियोजन गरेको छु।त्यसका अतिरिक्त गर्भवती महिलाका लागि आवश्यक पर्ने क्याल्सियम र आईरनजस्ता अत्यावश्यक औषधिको निःशुल्क उपलब्धताको लागि गाँउपालिकाले पर्याप्त वजेटको व्यवस्था गरेको छु।

१२. हाल शान्तिपुर स्वास्थ्य चौकीमा मात्र मेडिकल अधिकृत सहितको चौविसै घण्टे स्वास्थ्य सेवा प्रवाहलाई विस्तार गरी पालिकाको अर्को मुख्य बजार क्षेत्र मजुवा बजारमा रहेको तुराङ्ग स्वास्थ्य चौकीमा मेडिकल अधिकृत सहितको चौविसै घण्टे स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक प्रबन्ध मिलाएको छु भने ग्वाघा स्वास्थ्य चौकीमा ल्याव सेवा संचालनका लागि समेत व्यवस्था गरेको छु।

१३. चालु आर्थिक बर्षमा गाउँपालिकामा संचालन भएको बृहत् स्वास्थ्य शिविरबाट धेरै नागरिकहरु लाभान्वित भएको कुरालाई दृष्टिगत गर्दै यस बर्ष पनि बृहत् स्वास्थ्य शिविरको कार्यक्रमलाई निरन्तरता दिन रु ८ लाख बजेटको प्रवन्ध गरेको छु।

१४. विपन्न नागरिकलाई गम्भिर प्रकृतिको रोग लागेमा यातायात तथा औषधि उपचार खर्चको लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु यसैगरी पालिकाभित्रका गर्भवती महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरीहुन नसकी पालिका बाहिर रिफर भएमा उनीहरुको लागि निशुल्क यातायातको निमित्त आवश्यक व्यवस्था मिलाएको छु तथा गर्भवतीहरुकै लागि स्वास्थ्य संस्थामा निशुल्क एम्बुलेन्स सेवाको निरन्तरताको लागि बजेट विनियोजन गरेको छु।

१५. असहाय र अशक्तहरुका लागि गरीबीको सूचिको आधारमा अति गरीबलाई १००%, मध्यम गरीबलाई ५०% गाउँपालिकाले व्यहोर्ने गरी नागरिकहरुको स्वास्थ्य बिमा गराउने साथैसूचीकृत हुनछुटेकालाई गरीबीको प्रकार हेरी स्वास्थ्य बिमा गर्ने व्यबस्थालाई निरन्तरताका लागि रु ३ लाख विनियोजन गरेको छु।

१६. विद्यालयमा निःशुल्क आँखा जाँच, चश्मा वितरण तथा आँखा अप्रेशन शिविर सन्चालनका लागि निरन्तरताका लागि यस बर्ष पनि आवश्यक बजेट विनियोजन गरेको छु।

१७. गम्भिर प्रकृतीका रोग लागेका दीर्घ रोगि नागरिकहरुको लागि औषधि उपचारमा सहयोग गर्ने नेपाल सरकारको नीति अनुरुप स्थानीय सरकारको तर्फबाट शोधभर्नाको लागि रु १०

लाख बजेटको व्यवस्थापन गरेको छु।

१८. स्वास्थ्य तर्फ मातृशिशु स्वास्थ्य अन्तर्गत "उपाध्यक्ष सँग ए आमा बच्चालाई कस्तो छ"जस्ता कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१९. चन्द्रकोट गाँउपालिकामा रहेको एकमात्र आयुर्वेद सेवा केन्द्रमार्फत आयुर्वेदिक उपचार पद्धति सर्वसुलभ बनाइनेछ ।आयुर्वेद तर्फका औषधि खरिद लगायत विभिन्न क्रियाकलाप संचालनको लागि गाँउपालिकाको तर्फबाट जम्मा रु २ लाख रकम विनियोजन गरिएको छ।

*२०. समग्र स्वास्थ्य क्षेत्रको विकासका लागि २५ करोड ६८ लाख २१ हजाररकम विनियोजन गरेको छु ।*

२१. सामाजिक सुरक्षा र संरक्षण यस गाउँपालिकाको प्रमुख दायित्व, उद्देश्य रहेको छ।ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रममार्फत वृद्ध आमा बुवाहरुको विभिन्न क्षेत्रबाट सुविधा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न तथा सम्मान स्वरुप विभिन्न सहायता सामाग्री वितरणका लागिआवश्यक बजेट विनियोजन गरेको छु।

२२. वडा तथा पालिका स्तरीय महिला संजाल तथा एकल महिला संजाल गठन, महिलाहरुको लागि आयमूलक/सीपमूलक शशक्तीकरण तथा क्षमता विकास कार्यक्रम लागायतका महिला सम्बन्धी विभिन्न कार्यक्रम संचालनका लागि समग्रमा १४ लाख ५० हजारको बजेट विनियोजन गरेको छु।

२३. गाउँपालिका तथा वडा स्तरीय बाल संजाल गठन, अभिमूखीकरण लगायतका कार्यक्रम संचालनका लागि रु २ लाख बजेटको व्यवस्था गरेको छु।

२४. अपाङ्गगता तर्फका नागरिकहरुको लागि अपाङ्ग प्रोफाईल निर्माण सम्पन्न गर्न तथा आय आर्जन प्रवर्धनात्मक कार्यक्रमका लागि रु २ लाख बजेटको व्यवस्थापन गरेको छु।

२५. आदीबासी जनताजीहरुको आय आर्जनमुलक कार्यक्रम, नेतृत्व तथा क्षमता विकास कार्यक्रम, वडा तथा पालिका स्तरीय संजाल गठन लगायतका कार्यक्रम संचालन गर्न रु४ लाख ५० हजार बजेटको व्यवस्थापन गरेको छु।

२६. दलित बर्गको उत्थान, आर्जनमुलक कार्यक्रम, नेतृत्व तथा क्षमता विकास कार्यक्रम, वडा तथा पालिका स्तरीय संजाल गठन लगायतका कार्यक्रम संचालन गर्न रु २ लाख ५० हजार बजेटको व्यवस्थापन गरेको छु।

*२७. समग्रमा लक्षित बर्ग कार्यक्रम अन्तर्गत रु २७ लाख ५० हजार रकम बिनियोजन गरेको छु।*

*युवा तथा खेलकुद तर्फ*

२८. "**युवाका लागि खेलकुद,राष्ट्रका लागि खेलकुदरस्वास्थ्यका लागि खेलकुद**"भन्ने नाराका साथ अध्यक्षकप भलिवल प्रतियोगिता सञ्चालनका लागि रु ४ लाख बजेट विनियोजन गरेको छु।

२९. खेलकुदका माध्यमबाट विद्यालयमा कार्यरत शिक्षक कर्मचारीमा स्वच्छ प्रतिस्पर्धात्मक भावनाको विकास गराउन गाउँपालिका स्तरीय शिक्षक भलिबल प्रतियोगिता संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३०. युवा तथा खेलकुदको विकासका आवश्यक बजेट विनियोजन गरेको छु।

समग्रमा खेल क्षेत्रको लागि १० लाख ५० हजार रकम विनियोजन गरेको छु।

**आर्थिक विकास**

**कृषि तर्फ**

३१. मागमा आधारित कृषि विकास कार्यक्रम सञ्चालन गरी युवापुस्तालाई कृषि व्यवसायमा आबद्ध गरी चन्द्रकोट गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै लैजाने नीति अनुरुप चालु आवको लागि रु १५ लाख रकम विनियोजन गरेको छु।

३२. ५० प्रतिशत लागत साझेदारीमा कृषि जन्य यन्त्र उकरण वितरण कार्यक्रमका लागि रु १० लाख बजेटको प्रबन्ध गरेको छु ।

३३. कृषिमा आधारित साना सिंचाई कार्यक्रमलाई प्रबर्धन गरी कृषि उत्पादन बढाउने कार्यका लागि आवश्यक व्यवस्थापन गर्न रु ७ लाख बिनियोजन गरेको छु।

३४. कृषि प्रणालीलाई वैज्ञानिक, व्यावसायिक र जलवायु अनुकुलित बनाउँदै आर्थिक वृद्धिको दिगो आधार तय गरिनेछ।

३५. स्मार्ट कृषि गाउँ कार्यक्रमका लागि कृषि ज्ञानकेन्द्र संगको साझेदारीका लागि गाउँपालिकाको तर्फबाट रु ६ लाख ५० हजार विनियोजन गरेको छु।

३६. कृषकको उत्पादन र उत्पादकत्व बढाउनका लागि कृषकहरुलाई अनुदान दिने अभिप्रायले रु ७ लाख ५० हजार विनियोजन गरेको छु।

३७. कृषिमा आत्मनिर्भरता बढाउन साथै समग्रमा कृषि क्षेत्रको विकास र प्रबर्धनका लागि विभिन्न कार्यक्रमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३८. गाउँपालिकाको कृषि विकास सम्बन्धी कार्यक्रमलाई वस्तुपरक र यथार्थपरक बनाउन प्रयास गरेको छु ।

३९. समग्रमा कृषि क्षेत्रको लागि रु १ करोड ८ लाख रकम बिनियोजन गरेको छु।

४०. पशु सेवा क्षेत्रलाई थप व्यवस्थित गर्न व्यवसायीकरण, आधुनिकीकरणर यान्त्रिकरण गरी गुणस्तरीय पशुपन्छीजन्य वस्तु उत्पादन गर्न र कृषकहरुको आर्थिक अवस्था सुधार गर्नको लागि कृषकहरुको माग अनुसार मागमा आधारित ५० प्रतिशत अनुदानमा पशुपन्छी विकास कार्यक्रम संचालन गर्न रु ७ लाख ५० हजार विनियोजन गरेको छु।

४१. पशुपंक्षीहरुमा खोपको व्यवस्थापन, अनुदानमा हिउँदे घाँस वितरण, पशु जन्य औषधि व्यवस्थापन तथा खरिद कार्यक्रम, पशुपंक्षी विपद अनुदान लगायतका कार्यक्रम गर्न गाउँपालिकाको तर्फबाट थप रु २९ लाख ५० हजार रकम विनियोजन गरेको छु।

४२. पशुक्षेत्रको विकास र पशुजन्य सेवा विस्तार र सहजीकरणका लागि समग्रमा रु ४० लाख रकम विनियोजन गरेको छु।

**सहकारी क्षेत्र**

४३. सहकारी संस्थाको नियमन तथा व्यवस्थापकीय कार्यलाई प्रभावकारी बनाउन सम्पूर्ण सहकारी संस्थाहरुलाई कोपोमिस (**COPOMIS**)प्रणालीमा आवद्ध गर्न, सहकारी शिक्षा तथा तालिम कार्यक्रम संचालनका लागि रु ४ लाख रकम विनियोजन गरेको छु।

४४. बहुउद्देश्यीय सहकारीहरुले अनिवार्य रुपमा वार्षिक एक कार्यक्रम पालिकासँगको लागत साझेदारीमा गर्नुपर्ने नीति लाई लागु गर्न साझेदारीमा कार्यक्रम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**श्रम तथा रोजगार तर्फ**

४५. बेरोजगार सूचीमा सुचिकृत बेरोजगार ब्यक्तिलाई कार्यस्थलमा आधारित तालिम सहितरोजगारी प्रदान गर्न युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत रु ३८ लाख तथा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु २६ लाख गरी समग्रमा रु ६४ लाख रकम विनियोजन गरेको छु।

**गरिवी निवारण तथा लघु उद्यम विकास कार्यक्रम तर्फः**

४६. अति गरिव परिवारका लागि कम्तिमा १० परिवार लाभान्वित हुनेगरी साझा सुविधा केन्द्र निर्माणको लागी रु ५ लाख र आवश्यक थप रकम साझेदारीका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।

४७. गरिवीको रेखामुनी रहेका महिला, दलित, अपाङ्ग तथा सिमान्तकृत बर्गमा आधारभुत सीपमूलक तथा स्तरोन्नति कार्यक्रम एवम् प्रविधि हस्तान्तरणका लागि रु १३ लाख रकम

विनियोजन गरेको छु।

४८. सिटिभिटिको आङ्गिक शिक्षालयको समन्वयमा उद्यमशीलता विकास सिपमूलक तालिम कार्यक्रम संचालनका लागि रु ५ लाख बजेटको प्रबन्ध मिलाएको छु।

## पर्यटन तर्फ

४९. पालिकाको नामाकरण भएको ऐतिहासिक स्थल चन्द्रकोट दरवार क्षेत्र संरक्षण र विकासका लागि रु ५ लाख विनियोजन गरेको छु।

५०. पालिकाभित्रका अन्य मुख्य पर्यटकीय क्षेत्रको संरक्षण र सम्बर्धनका लागि संघीय र प्रदेश सरकार तथा स्थानीय तहबाट आवश्यक बजेटको व्यवस्था गरेको छु।

## पूर्वाधार विकास

५१. पालिकाको विकासको अभिन्न अंगका रुपमा रहेको पूर्वाधार क्षेत्रको विकास र संरक्षण एवम् स्तरोन्नतिका लागि पालिकामा रहेका विभिन्न क्षेत्रका भौतिक पूर्वाधार विकासका कार्यक्रम संचालन गर्न गाउँपालिका स्तरीय पूर्वाधार विकास कार्यक्रम तर्फ रु७३ लाख ०४ हजार रकम विनियोजन गरेको छु।

५२. पालिकामा रहेका मजुवा गेखुङ्ग शान्तिपुर सडकको लागि ५ लाख, क्वाङ्गदी हरेवा ग्वाघा सडकको लागि २ लाख, चोरकाटे मजुवा आपचौर सडकका लागि २ लाख, चोरकाटे रुपाकोट सडकको पहिरो व्यवस्थापनका लागि २ लाख, शान्तिपुर हर्राचौर ओलिवाङ्ग सिन्दुरघसे मोटरबाटोका लागि २ लाख,शान्तिपुर भञ्याङ्ग सराङ्ग अर्जेवा मोटरबाटोका लागि २ लाख, दमुका म्यालपोखरा मोटरबाटोका लागि २ लाख, डकुवा राव भडारथुम एक्लेपिपल सडकका लागि २ लाख रकम विनियोजन गरेको छु।

५३. गाउँपालिकाले विभिन्न तह तथा कार्यालयसँग पूर्वाधार विकासमा समन्वय र साझेदारी गर्नका लागि पूर्वाधार साझेदारी कार्यक्रमका लागि रु १५ लाख विनियोजन गरेको छु।

५४. विभिन्न वडामा रहेका पूर्वाधार विकासका लागि वडागत तहबाट आवश्यक बजेट विनियोजन गरेको छु समग्रमा ८ वटै वडाको समग्र पूर्वाधार, आर्थिक विकास, प्रशासनीक विकास लगायतका समग्र कार्यका लागि एकमुष्ठ रु ३ करोड २४ लाख विनियोजन गरेको छु।

५५. आगामी आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिका क्षेत्रभित्रका सडकहरूको स्तरोन्नती को लागि आवश्यक बजेट विनियोजन गरेको छु भने ८ वटै वडामा बुसकटिङ्गका लागि रु ४

लाख रकमको प्रबन्ध मिलाएको छु ।

५६. गाउँपालिका अन्तर्गतको १५ शैयाको शान्तिपुर अस्पताल निर्माणको काममा निरन्तरता प्रदान गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु , गाउँपालिका तथा वडा भवन निर्माणका लागि रु १ करोडको प्रवन्ध मिलाएको छुभने बहुबर्षिय योजना अन्तर्गत दिब्रुङ्ग स्वास्थ्य चौकी भवन निर्माणको लागि रकम विनियोजन गरेको छु यसैगरी ग्वाघा माविको भवन निर्माणको कार्यलाई पुरा गर्न थप रकमको प्रवन्ध मिलाएको छु।

५७. भौतिक पूर्वाधार अपुग भएका विद्यालय भवन, शौचालय, खेलकुद मैदान, झोलुङ्गेपुल निर्माण, लगायत पूर्वाधार निर्माण कार्यालय निरन्तरता दिएको छु । यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५८. प्रदेश तथा संघीय समपुरक योजनामा लागत साझेदारीका लागि गाउँपालिकाको तर्फबाट रु २ करोड विनियोजन गरेको छु भने आगामी आवमा रु ४ करोड बरावरको समपुरक योजना संचालनका लागि रकम विनियोजन गरेको छु।

५९. नागरिकको खानेपानी पाउने व्यवस्थालाई थप सुनिश्चित गर्न लिफ्टिङ्ग खानेपानी आयोजनाको समग्र विध्युत महसुलमा २५ प्रतिशत छुट दिने गरी रु ४ लाख रकम विनियोजन गरेको छु।

६०. किसिकोट बसाड लिफ्टिङ्ग खानेपानी योजनाका लागि ट्रान्सफर्मर खरिदका लागि रु ६ लाख विनियोजन गरेको छु।

६१. बरेङ्ग गाउँपालिका बाग्लुङ्ग सँगको सडकपुल साझेदारी र सत्यवती र कालिगण्डकीको साझेदारीमा त्रिवेणीखोला घाट व्यवस्थापन का लागि कुल ७ लाख रकम विनियोजन गरेको छु।

६२. पालिकामा रहेको खानेपानी योजनाको बर्तमान अवस्थाबारे जानकारी प्राप्त गर्नका लागि बृहत् खानेपानी सर्भेक्षण कार्यक्रम संचालन गरिने छ यसका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६३. गाउँपालिकाक्षेत्रभित्र शान्ति सुरक्षा कायम राख्न तथा प्रहरी चौकीहरुको व्यवस्थापनका लागि ६ लाख रकम विनियोजन गरेको छु।

*समग्र पूर्वाधार विकास तर्फरू. ११ करोड ५० लाख रकम विनियोजन गरेको छु।*

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

६४. गाउँपालिकाभित्र वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।यसका लागि

आवश्यक बजेटको व्यवस्था गरेको छु।

६५. विपद् पूर्व तयारीका लागि सूचनामूलक सन्देशतयार गरी सूचना तथा सञ्चारको माध्यमबाट सम्प्रेषण गरिनेछ यसका लागि आवश्यक प्रवन्ध मिलाएको छु।

६६. गाउँपालिकाको कुनै विपद्जन्य घटना घटेमा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा रहेको मौज्दात रकमबाट खर्च बेहोर्ने गरी रु २० लाख रकमको व्यवस्था मिलाएको छु ।

६७. गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा हुने सुरक्षा चुनौतीहरुको सामान गर्न गाउँपालिकाका विभिन्न स्थानमा सि.सि.टि.भि. जडानका लागि ६ लाख विनियोजन गरेको छु ।साथै गाउँपालिकाक्षेत्रभित्र रहेका सुरक्षा निकायहरूसँगको समन्वय र सहकार्यलाई थप चुस्त बनाइ विपद् व्यवस्थापन लगायत अन्य सुरक्षा व्यवस्थापनका कार्यलाई थप प्रभावकारीबनाउनका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएको छु।

६८. गाउँपालिकाको न्यायियक कार्य सम्पादन तथा व्यवस्थापन गर्नका लागि ९ लाख रकम को विनियोजन गरेको छु।

६९. गाउँपालिकामा डिजिटल नागरिक वडापत्र तथा गाउँसभा सचिवालय व्यवस्थापनका लागि रु ६ लाख विनियोजन गरेको छु।

समग्रमा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि ४१ लाख रकमको प्रवन्ध गरेको छु।

**कार्यालय सञ्चालन तथा प्रशासनिक**

*७०. चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू लगायत अन्य प्रशासनिक निकायहरूको कार्य सञ्चालन तथा प्रशासनिक खर्चका लागि रू. ७ करोड ५३ लाख ४७ हजार ४५ रुपैया रकम विनियोजन गरेको छु ।*

**सभाध्यक्ष महोदय,**

अब म चन्द्रकोट गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

७१. आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि गाउँपालिकाको कुल बजेट मध्ये अधिकांश बजेट संघीय सरकार प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण नै हो । गाउँपालिकाको आन्तरिक आयव्यवस्थापनका लागि नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरू उपलब्ध भए बमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर दस्तुर शुल्कका दर तथा क्षेत्रहरूलाई केही संशोधन गरी आगामी आर्थिक वर्षको देहाय

चन्द्रकोट गाउँपालिकाको आ.व.२०८०/०८१ को बजेट वक्तव्य

बमोजिम बजेट प्रस्ताव गरेको छु ।

७२. चन्द्रकोट गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ का लागि चालू तर्फ**रू. ३४ करोड ४९ लाख ५५ हजार १ सय त्रिचालिस** (६७.२३ **प्रतिशत**) र पुँजीगत तर्फ **रू. १६ करोड ८१ लाख ४१ हजार ९ सय ०१** (३२.७७**प्रतिशत**) गरी जम्मा **रू. ५१ करोड ३० लाख ९७ हजार ४५ रुपैयाको** को बजेट प्रस्तुत गरेको छु ।

७३. आगामी आर्थिक कर्ष २०८०/०८१ को प्रस्तावित आय संकलन व्यवस्थापन तर्फ निर्धारण गरिएका करका दर रेट समेतका आय स्रोतहरूको विस्तृत विवरण चन्द्रकोट गाउँपालिकाको प्रस्तावित आर्थिक विद्येयक, २०८० र गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन गर्न प्रस्तावित गरेका योजना/आयोजना/परियोना/कार्यक्रमहरूको विस्तृत विवरण गाउँपालिकाको विनियोजन विद्येयक,२०८० मा समावेश गरेको छु । गाउँपालिकाले आगामी आ.व. २०८०/०८१ का लागि अनुमान गरिएको खर्च वेहोरिने स्रोत हरू देहाय बमोजिम रहेका छन्:

गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु. **३ करोड ७२ लाख,**

संघीय सरकारबाट (वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान र शशर्त अनुदान समेतबाट रू.४४ **करोड ४१ लाख ९१ हजार ५ सय,**

लुम्बिनी प्रदेश सरकारबाट (वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड, समपुरक अनुदान, विशेष अनुदान र शशर्त अनुदान समेतबाट रू.**३ करोड १७ लाख ५ हजार ५ सय ४५** रूपैयाँ।

**सभाध्यक्ष महोदय,**

७४.प्रस्ततु बजेट योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक क्षमता विकास संस्थागत/नीतिगत/कार्यविधिगतसुधारका कार्यहरू गर्ने साथै आवश्यकता अनुसार सरकारी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदारहरु, नीजि क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र, र स्थानीय उपभोक्ताहरू समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्याङ्कनको व्यवस्था मिलाइनेछ र यसबाट बजेटको सुनिश्चितता एवं पारदर्शिता उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु ।

७५.प्रस्तुत नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयनबाट गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, पूर्वाधारमैत्री, समावेशीता, उद्यमशीलता लगायतका क्षेत्रमा न्यायोचित र समतामूलक दिगो विकासमा योगदान गर्न कोशेढुंगा हुने विश्वास लिएको छु।

**समाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यहरू**

७६. आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुतीको उत्तरार्धमा आइपुग्दा बजेट तथा कार्यक्रम बनाउन सहयोग पुऱ्याउनु हुने कार्यपालिका सदस्य, गाउँसभा सदस्य लगायत सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरू, राजनितिक दलका नेता साथीहरु, आम चन्द्रकोट बासी नागरिकहरु,सञ्चारकर्मी साथीहरू, बजेट निर्माण प्रक्रियामा खटिनु भएका राष्ट्रसेवक कर्मचारी साथीहरु, प्रत्यक्ष र अप्रत्यक्ष रूपले सहभागी हुनुहुने एवं अमूल्य सहयोग, सद्भाव, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबै प्रति हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद।जय चन्द्रकोट।।

**विष्णु प्रसाद भण्डारी**
**उपाध्यक्ष**

मितिः२०८०/०३/१० गते ।

चन्द्रकोट गाँउपालिकाको आ.व.२०८०/०८१ को बजेट वक्तव्य